मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर ११ गते बिहीबार ❑ 27 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## राजनीतिक व्यक्ति उपकुलपति हुने व्यवस्था अन्त्य गर्नुपर्छ : प्रधानमन्त्री कार्की

**रासस**
काठमाडौं, १० मंसिर

प्रधानमन्त्री सुशीला कार्कीले कुलपति पदमा राजनीतिक व्यक्तिहरू रहने व्यवस्थाले विश्वविद्यालयहरूमा राजनीतिक हस्तक्षेप बढ्ने धारणा व्यक्त गर्नुभएको छ।

त्रिभुवन विश्वविद्यालयको वार्षिक साधारणसभालाई बुधबार सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले देशका सबै विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने व्यवस्थालाई हटाएर अनावश्यक राजनीति गर्ने बाटो बन्द गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "असारमा पारित हुनुपर्ने वार्षिक नीति कार्यक्रमका लागि मङ्सिर पर्खनुपर्ने अवस्था आयो, यो राम्रो होइन, विश्वविद्यालयलाई राजनीतिबाट मुक्त बनाउनुपर्छ।"

विश्वविद्यालयहरू पनि शैक्षिक र प्रशासनिक रूपमा मात्रै नभई आर्थिक रूपमा समेत आत्मनिर्भर हुनुपर्नेमा प्रधानमन्त्रीको जोड थियो । "हरेक कुरामा सरकारमाथि भर पर्ने कुराले विश्वविद्यालयलाई स्वायत्त हुन दिँदैन ।", उहाँले भन्नुभयो । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवम् विश्वविद्यालयका सहकुलपति महावीर पुनले अध्यादेश वा अन्य कानुनी प्रबन्ध गरी प्रधानमन्त्री उपकुलपति रहने व्यवस्था हटाउने सन्दर्भमा विज्ञहरूसँग छलफल भइरहेको जानकारी दिनुभयो।

सभाले विश्वविद्यालयको आर्थिक वर्ष २०८२/८३ को विश्वविद्यालयको नीति कार्यक्रममा प्राज्ञिक तथा प्रशासनिक पक्षलाई पुनःरसंरचना गरिने निर्णय गरेको छ । यसैगरी विश्वविद्यालय मातहतका प्रादेशिक कार्यालयलाई क्षमतायुक्त बनाउँदै क्रमशः प्रादेशिक संरचनामा लैजाने निर्णय गरेको छ।

सो प्रयोजनका लागि उच्चस्तरीय त्रिवि पुनःसंरचना आयोग बनाई विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसको शैक्षिक, भौतिक तथा प्रशासनिक कामको मूल्याङ्कन गरी आवश्यकताअनुसार समायोजन वा खारेज गर्ने कामअघि बढाउने नीति त्रिवि सभाले पारित गरेको छ । यसैगरी मानव संसाधन तथा जनशक्ति विकास, शैक्षिक तथा पाठ्यक्रम सुधार, परीक्षा सुधार, संस्थागत सुधार, सूचना प्रविधिमार्फत डिजिटल रुपान्तरण र अनुसन्धानका लागि स्रोतसाधनको व्यवस्था गरिने निर्णय भएको विश्वविद्यालयले जनाएको छ।

त्रिविको नियमित तालिकाअनुसार गत असारमा पारित गरी कार्यान्वयन प्रक्रियामा जानुपर्ने नीति कार्यक्रमका सन्दर्भमा यसअघि विवाद सिर्जना भएपछि रोकिएको त्रिवि सभा बैठक बुधबार बसेको हो।

## व्यावसायिक सीपले युवालाई आत्मनिर्भर बनाउँदै गण्डकी प्रदेश

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

गण्डकी प्रदेशका युवालाई आत्मनिर्भर, उद्यमशील र व्यावसायिक रूपमा सशक्त बनाउन लक्षित ३ महिनाको (३९० कार्यघण्टा) विभिन्न सीपमूलक तालिम कार्यक्रमहरूको बुधबार औपचारिक रूपमा उद्घाटन गरिएको छ।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले कार्यक्रमको उद्घाटन गर्दै युवालाई सीपमार्फत रोजगारी, व्यवसायिक अवसर र आत्मविश्वास जोड्ने यो पहल ऐतिहासिक बन्ने विश्वास व्यक्त गरे । मन्त्री थापाले भने, "सीप सिकेर सानो कोही हुँदैन, सम्मानसाथ सिक्न आवश्यक छ। श्रमको सम्मान गर्दै नेपालमै बसेर उद्यमी बन्न सबैलाई आग्रह गर्दछु ।" उनका अनुसार तालिम लिएर उद्यम सुरु गर्न चाहनेका लागि प्रदेश सरकारले सीड मनी का लागि बजेट व्यवस्था गरेको छ। बैंकसँग समन्वय गरेर ५० प्रतिशत प्रदेश सरकार र ५० प्रतिशत लगानीकर्ताद्वारा उद्यम स्थापना गर्न सकिने भन्दै सरकारले प्रशिक्षार्थीको अवस्थाको निरन्तर अनुगमन गर्ने पनि उनले बताए।



कार्यक्रममा गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानका प्रमुख डा. सोमनाथ सापकोटाले सीपको बढ्दो महत्व र व्यवसायिक शिक्षाको आवश्यकतामाथि जोड दिए । उनले भने, "सीप विकासको तालिम ब्रान्ड बन्दै गएको छ । सरकारले गरेको लगानी सदुपयोग गर्न प्रशिक्षार्थीहरू जिम्मेवार हुनुपर्छ।" व्यावसायिक तथा सीप विकास तालिम केन्द्र कास्कीका प्रमुख अनिल सुवेदीका अनुसार अहिले १३ शीर्षकमा तालिम संचालन हुनेछ । १ हजार ३ सय ५५ जनाले फाराम भरेका मध्ये २ ९९ जनालाई यसपटक छनोट गरिएको छ।

प्रशिक्षार्थीलाई दैनिक ७५ रुपैयाँ खाजा खर्च उपलब्ध गराइने र दैनिक ५ घण्टा तालिम सञ्चालन हुने जानकारी उनले दिए।

यसपटक प्रदान गर्न लागिएका तालिमहरूमा कुक, कपाल काट्ने (सैलुन), आधारभूत केश-शृंगार (ब्युटी पार्लर), विद्युत जडान, प्लम्बिङ, मोबाइल मर्मत, आधार भूत कम्प्युटर, कटाइ-सिलाइ, बुटिक डिजाइन, मोटरसाइकल मर्मत, अटोमोबाइल, मन्टेस्वरी शिक्षा लगायतका सीप समावेश छन्।

कार्यक्रममा प्रशिक्षार्थी, स्थानीय प्रतिनिधि, संस्थाका पदाधिकारी तथा सरोकारवालाहरूको सक्रिय उपस्थिति रहेको व्यावसायिक तथा सीप विकास तालिम केन्द्रले जनाएको छ । गण्डकी प्रदेश सरकारले युवाको क्षमता विकास, रोजगारी सृजना र उद्यमशीलता प्रवर्द्धनलाई आगामी दिनमा अझ सशक्त रूपमा अघि बढाउने प्रतिबद्धता समेत जनाएको छ।

## शनिबार यःमरी प्रतियोगिता सहित महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

नेवारी कला-संस्कृति र मौलिक परिकारको संरक्षण गर्ने उद्देश्य सहित पोखरामा आगामी शनिबार छैंटौं यःमरी महोत्सव तथा सांस्कृतिक कार्यक्रम हुने भएको छ।

पोखरा महानगरपालिका-४ को आयोजनामा तथा नेवाः मिसा पुचः कास्की र नेवा खल कास्कीको सहकार्यमा पुरानो बजारस्थित गणेशटोल (नाला मुख) को सडक क्षेत्रमा एक दिने महोत्सव गर्न लागिएको बुधबारं आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

नेवारी समुदायको परम्परा, खानपान र पहिचानलाई जोगाउँदै नयाँ पुस्तामा यसको महत्व पुऱ्याउने मुख्य उद्देश्यसहित महोत्सव आयोजना गरिएको पोखरा-४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीले बताउनु भयो । महोत्सवमा नेवारी परिकारका ६ वटा स्टलसहित अन्य स्थानीय तथा परम्परागत खानाका स्टलहरू पनि राखिने भएको छ । यःमरीको लोकप्रियता बढ्दै गएकाले यसपटक पर्याप्त मात्रामा यःमरी उत्पादन र बिक्रीका लागि पनि तयारी गरिएको वडा अध्यक्ष पराजुलीले बताउनु भयो ।महोत्सवको मुख्य आकर्षणका रूपमा यःमरी प्रतियोगिता राखिएको छ, जहाँ करिब २१ समूहले प्रतिस्पर्धा गर्ने भएका छन्।



प्रतियोगितामा विजेताहरूलाई क्रमशः १५, १०, ६ र ३ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने भएको छ । दर्शकका लागि चाकु भरिएको यःमरी ८० रुपैयाँ र खुवायुक्त यःमरी १०० रुपैयाँमा बिक्री गरिने व्यवस्था मिलाइएको आयोजकले जनाएको छ । साथै विद्यालयस्तरीय नृत्य, गायन, नेवारी झाँकी प्रदर्शनी र ब्यान्डको प्रस्तुति समेत महोत्सवमा समावेश गरिएको अध्यक्ष पराजुलीले जनाउनु भयो।

उक्त महोत्सवको पूर्व सन्ध्यामा पोखरामा प्रभाव फेरी आयोजना गरिने भएको छ । प्रभातफेरीलाई प्रभावकारी बनाउन उत्कृष्ट झाँकी सहितको ऱ्याली प्रर्दशन गर्ने समुहलाई पुरस्कार वितरण गरिने भएको छ। विजेतालाई ७ हजार, उपबिजेतालाई ५ हजार र तेश्रो हुनेलाई ३ हजार प्रदान गरिने भएको छ।

उक्त महोत्सवको उद्घाटन पोखराका मेयर धनराज आचार्यले गर्नुहुने भएको छ। पछिल्लो पुस्तामा यःमरीको आकर्षण उल्लेख्य रूपमा बढेको नेवा खल कास्कीका अध्यक्ष अशोक पालिखेले बताउनु भयो । दर्शकको मागका आधारमा यसपटक पर्याप्त मात्रामा यःमरी उत्पादन गरी व्यवसायिक रूपमा बिक्री वितरण गर्न उहाँले सुझाव दिनुभयो । साथै नालामुख क्षेत्रको पुरानो बस्ती तथा भवनहरूको संरचनात्मक संरक्षणमा महानगरपालिकाले थप ध्यान दिनुपर्ने आवश्यकता रहेको उहाँले बताउनु भयो । नेवाः मिसा पुचः कास्कीकी अध्यक्ष सङ्गीता बज्राचार्यले महोत्सवले नयाँ पुस्तालाई नेवारी कला-संस्कृतिसँग परिचित गराउने महत्वपूर्ण भूमिका खेलिरहेको बताउनु भयो।

प्रतियोगितामा स्वाद मात्र होइन, यःमरी बनाउने तरिका, प्रयोग भएका सामग्री तथा परिकारसँग सम्बन्धित सांस्कृतिक ज्ञानलाई पनि मूल्यांकनको आधार विजेता घोषणा गरिने उहाँले जनाउनु भयो। जाडोयाममा शरीरलाई तातो राख्ने तत्वले भरिपूर्ण भएकाले यःमरीलाई स्वास्थ्यका लागि उपयोगी परिकारका रूपमा पनि लिन सकिने बज्राचार्यको भनाई छ । "चाकु, तिल र मरिचले शरीरलाई तातोपन दिन्छन्, त्यसैले यःमरी परिकार मात्र होइन, जाडोयामको पोषिलो भोजन पनि हो," अध्यक्ष बज्राचार्यले भन्नुभयो । महोत्सव मार्फत परम्परागत परिकारलाई पर्यटनसँग जोड्दै स्थानीय अर्थतन्त्रलाई पनि सुदृढ बनाउने लक्ष्य राखिएको आयोजकको भनाई छ।

## निर्वाचनका लागि दलले निवदेन दिने समय चार दिन थपियो

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलले निवेदन दिने समय चार दिन थप्ने निर्णय गरेको छ।

यसअघिको स्वीकृत कार्यक्रमअनुसार यही मङ्सिर १ गतेदेखि आजसम्मका लागि सो समय दिइएकामा विभिन्न पक्षको आग्रहमा आयोगको बुधबारको बैठकले चार दिन समय थप्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶


वातावरण स्वच्छ राखौं ।

- धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
- फोहर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
- घर, टोल तथा सडक सफा राखौं,
- घर वरपर बोटविरुवा लगाऔं,
- सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
- वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं।

सफा वातावरण, स्वस्थ जीवन।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सुशासनमार्फत जनतामा आशा जगाउन वर्तमान सरकार केन्द्रित छ: मन्त्री घिसिङ

**रासस**
काठमाडौं, १० मंसिर

जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले मुलुकमा सुशासनको प्रत्याभूति गराउँदै जनतामा आशा जगाउन वर्तमान सरकार केन्द्रित भएको बताउनुभएको छ।

राष्ट्रिय युवा परिषद् र नेपाल विजनेस इन्स्टिच्युटले संयुक्त रुपमा आयोजना गरेको नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन २०८२ लाई आज सम्बोधन गर्दै उहाँले लामो समयदेखिको आक्रोश र असन्तुष्टि जेनजी आन्दोलनका रूपमा प्रकट भएको बताउनुभयो।

"सेवा प्रवाह, सुशासन, विकासमा 'डेलिभरी' दिन नसक्दा अहिलेको परिस्थिति सिर्जना भएको हो, राजनीतिक नेतृत्व सही नहुँदासम्म तलसम्म खराब देखिँदो रैछ", मन्त्री घिसिङले भन्नुभयो । उहाँले मुलुकका राजनीतिक र व्यवस्था परिवर्तन गर्न पुराना राजनीतिक दल र नेता सफल

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मर्दी हिमाल पदमार्गमा विद्युतीकरण, हाईक्याम्पसम्मको लाईन छिट्टै संचालन हुने

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

नेपाल विद्युत प्राधिकरणले कास्कीको मर्दी हिमाल पदमार्गमा विद्युतीकरण गरेको छ।

हालसम्म पनि राष्ट्रिय प्रशाारणको विद्युत लाईन पुग्न नसकेको सो हिमाली पदमार्गमा ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गत विद्युत बिस्तारको काम गरिएको पोखरा वितरण केन्द्रका ग्रामिण शाखा इन्चार्ज शोभाकर पौडेलले जानकारी दिए । पदमार्गको कालिमाटी, डुढ खर्क, मुसलबारी देखि कोकार फरेस्ट क्याम सम्मको ११ केभि लाइन निर्माण सम्पन्न गरी स्थानियलाई विद्युत सेवा उपलव्ध गराईएको इन्चार्ज पौडेलले बताए। उनका अनुसार सोहि पदमार्गको सिदिङ देखि लो क्याम्प बादल डाँडाँ हुदै हाईक्याम्पसम्मको लाईन निकट भविस्यमा नै सम्पन्न गरी सेवा प्रदान गर्ने कार्य भैरहेको छाउनले भने, "निर्माण कार्य जारी छ,



छिट्टै लाइन बिस्तार गरी, चार्ज गर्छौं ।"पर्यटनमा आश्रित हुँदै गएका यस क्षेत्रका स्थानीयलाई विद्युत सेवा पुगेपछि थप सहज हुने विश्वास प्राधिकरणले लिएको छ। विद्युत सेवा बिस्तारमा स्थानीय जनप्रतिनिधि,त्यस क्षेत्रका होटल व्यवसायी र स्थानीय बासिन्दाको सहयोगले विकट क्षेत्रमा पनि सेवा बिस्तारमा सहज भएको इन्चार्ज पौडेलले बताए। विद्युतीकरणसँगै त्यस क्षेत्रका स्थानीयबासी, होटल व्यबसायी र त्यहाँ पुग्ने पर्यटक हर्षित भएका छन् ।मर्दी हिमाल इको भिलेज होटलका संचालक शिव भण्डारीले बिजुलीको अभावमा अन्धकार भएको यस क्षेत्र अब भने गुल्जार हुने भन्दै खुशी व्यक्त गरे । प्राधिकरणले अन्नपुर्ण पदमार्गको मच्यु, झिनु, छोम्रोङ हुँदै अपर सिनुवासम्मको विद्युतीकरणको काम अन्तिम चरणमा पुर्‍याएको जनाएको छ ।

यसअघि घान्द्रुक देखि कुम्रङ डाँडाँ, चुईले, टाडाँपानी तथा अन्नपुर्ण ९ को रामदुवाली, उल्लेरी वनठाँटीसम्म विद्युतीकरण गरी सेवा दिईसकेको इन्चार्ज पौडेलले जानकारी दिए। पर्यटकीय नगरी पोखराबाट दुई दिनमा नै पुगी हिमाल चुम्न सकिने मर्दी पदमार्ग छोटो दूरीको पदयात्रा गर्न चाहने जो कोहीका लागि आकर्षक गन्तव्य रहेको छ ।समुद्री सतहबाट तीन हजार ५५० मिटर उचाइको मर्दी हाइक्याम्पबाट करिब दुई घण्टामा चार हजार २०० मिटर उपचाइको 'भ्यू प्वाइन्ट' र त्यहाँबाट दुई घण्टामा चार हजार ५०० मिटर उचाइको मर्दी आधार शिविर पुग्न सकिन्छ। पोखराबाट २२ किमी दूरीमा रहेको माछापुच्छे गाउँपालिकाको घलेल हुँदै कालीमाटी तथा सिदिङसम्म जीपबाट पुगेर मर्दी पदयात्रा सुरु हुन्छ।

माछापुच्छ्रेकै धम्पुस तथा अन्नपूर्ण गाउँपालिकाको काँढेबाट समेत पोथना, अष्ट्रेलियन क्याम्प, प्रितम देउराली, फरेस्ट क्याम्प हुँदै लो क्याम्पसम्म पर्यटक पुग्दछन् । मर्दी हिमालसहित माछापुच्छ्रे, अन्नपूर्ण साउथ, हिमचुली, अन्नपूर्ण प्रथम, गङ्गापूर्ण, गन्धर्व चुलीलगायत आधा दर्जनभन्दा बढी हिमाल नियाल्ने अवसर पदयात्रामा मिल्ने भएकाले बाह्य तथा आन्तरिक पर्यटकको आकर्षण बढेको छ।



धानको कुन्यु :
पोखरा महानगरपालिका वडा नं १९ चुरुङ्गाबाट देखिएको धानको कुन्यु र पृष्ठभूमिमा माछापुच्छे हिमाल ।
तस्बिरः जमुनावर्षा शर्मा/रासस

# पोखरा इन्टरनेट र मेडिप्लस हस्पिटल बीच स्वास्थ्य जाँच सम्झौता

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

पोखराको गैह्रपाटनमा रहेको पोखरा इन्टरनेट प्रा.लि र पोखराकै रानिपौवामा रहेको मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर प्रालिबीच स्वास्थ्य जाँच सुविधा योजनामा बुधवार सम्झौता भएको छ।

अस्पतालले ल्याएको नयाँ स्वास्थ्य प्याकेज 'ब्यबसायीक प्रतिष्ठान तथा संघ, संस्था स्वास्थ परिक्षण योजनामा अस्पताल र इन्टरनेट बीच सम्झौता भएको इन्टरनेटकि एच आर रोश्नी गुरुङले जानकारी दिइन् ।

सम्झौतापत्रमा मेडिप्लस हस्पिटलका मार्केटिङ्ग म्यानेजर सोभाखर पाण्डे र पोखरा इन्टर नेटका सिओओ कृष्ण



सुवेदीले हस्ताक्षर गरेका हुन् । सम्झौता अनुसार पोखरा इन्टर नेटका कर्मचारीहरुले संस्थाको परिचयपत्रको आधारमा वेड चार्जमा र ल्यावमा २५ प्रतिशत र अप्रेसनमा १५ प्रतिशत छुट पाउनेछन्। यस्तै अन्य आवश्यक सेवाको लागि हस्पिटलले फ्रिमा एम्बुलेन्स उपलब्ध गराउने र पोखरा इन्टरनेटको हरेक बहिरि कार्यक्रममा फ्रि हेल्प डेक्स उपलबध गराउने भनि सम्झौता पत्रमा हस्ताक्षर भएको छ।

सम्झौताले इन्टरनेटमा काम गर्ने कर्मचारीलाई स्वास्थ्य सेवामा सहयोग पुग्ने हस्पिटलका सिइओ प्रकास बिकले उल्लेख गरे।

# एआईको प्रभावमाथि जनप्रिय क्याम्पसका विद्यार्थीको बहस

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

गण्डकी प्रदेशकै प्रतिष्ठित शैक्षिक संस्था जनप्रिय बहुमुखी क्याम्पसले आफ्नो ३४ औं वार्षिकोत्सवलाई केवल औपचारिकतामा सीमित नराखी बौद्धिक विमर्श र सिर्जनात्मक उत्सवका रूपमा मनाएको छ।

वार्षिकोत्सव सप्ताहअन्तर्गत बुधबार क्याम्पसको सभाहलमा समसामयिक विश्व परिवेशलाई समेट्ने वक्तृत्वकला र विद्यार्थीको भावना पोख्ने खुल्ला कविता प्रतियोगिता भव्य रूपमा सम्पन्न भएको छ। प्रतियोगिताको सबैभन्दा सबल पक्ष भनेको वक्तृत्वकलाका लागि चयन गरिएको विषयवस्तु थियो । विश्वव्यापी रूपमा चर्चा र बहसको शिखरमा रहेको 'कृत्रिम बुद्धिमत्ता एआईको बढ्दो प्रयोगः शिक्षा, रोजगार र समाजमा प्रभाव' विषयमा प्रतियोगी विद्यार्थीहरूले आआफ्ना तार्किक विचारहरू प्रस्तुत गरेका थिए।

शिक्षक अभिभावक संघका अध्यक्ष एवम् क्याम्पस सञ्चालक



समितिका सदस्य विशिष्ट अतिथि पुष्पराज सिग्देलले गोलाप्रथाद्वारा उक्त समसामयिक शीर्षक चयन गरेका थिए । सिग्देलले प्रविधिले ल्याएको चुनौती र अवसरलाई सभ्य र मर्यादित भाषाशैलीमा विश्लेषण गर्न विद्यार्थीहरूलाई सुझाएका थिए। यो विषय चयनले क्याम्पस प्रशासन विद्यार्थीलाई विश्वव्यापी मुद्दाहरूमा अद्यावधिक राख्न चाहन्छ भन्ने कुराको पुष्टि गर्दछ।

उक्त एआई केन्द्रित वक्तृत्वकला प्रतियोगितामा रितबहादुर थापाले प्रथम स्थान हासिल गरे भने चाँदनी श्रेष्ठ द्वितीय र ईश्वर पोखरेल तृतीय हुन सफल भए। यसैगरी, साहित्य र भावनाको संगम मानिने 'खुल्ला कविता प्रतियोगिता' तर्फ सृष्टि लामिछाने प्रथम भइन् । प्रतियोगितामा उत्सव भुसाल द्वितीय र जमुना गैरे तृतीय हुँदा प्रमोद रिजालले सान्त्वना स्थान प्राप्त गरे । प्रतियोगिताको निष्पक्ष मूल्याङ्कनका लागि पूर्व सहायक क्याम्पस प्रमुख राजेन्द्र पौडेल, नेपाली विभाग प्रमुख एवम् अतिरिक्त कार्यक्रम संयोजक गोपालप्रसाद बराल र अङ्ग्रेजी विभाग प्रमुख टंकराज बराल निर्णायक मण्डलमा रहेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवम् क्याम्पस प्रमुख कृष्णबाबु बरालले ३४ वर्षको इतिहास बोकेको जनप्रिय क्याम्पसले सधैँ विद्यार्थीको नेतृत्व क्षमता विकासलाई प्राथमिकतामा राखेको बताए । बरालले भने, ' विद्यार्थीहरूको सघन र सक्रिय सहभागिताले कार्यक्रमको औचित्य पुष्टि गरेको छ। उच्च शिक्षापछि आफ्नो क्षेत्र पहिचान गरी अब्बल साबित भएर क्याम्पसको गरिमा उच्च राख्न सम्पूर्ण विद्यार्थीहरूलाई आग्रह गरे । सहायक क्याम्पस प्रमुख नवीनराज खनालले विजयी विद्यार्थीहरूलाई बधाई दिँदै पुरस्कार वितरणको कार्यतालिका सार्वजनिक गरे । खनालका अनुसार, आगामी मङ्सिर २३ गते मङ्गलबार आयोजना हुने स्नातक तह प्रथम वर्षका नवआगन्तुक विद्यार्थीहरूको स्वागत कार्यक्रमका बीच विजयीहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । दश जोड दुई कार्यक्रम संयोजक गणेश चालिसेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन कार्यक्रमका संयोजक उपप्राध्यापक सुरेश रानाभाटले गरेका थियो भने समय व्यवस्थापनको भूमिका राजेन्द्र श्रेष्ठले निर्वाह गरेको सहायक प्रशासक महादेवकुमार पालिखेले जानकारी दिए । यस किसिमका अतिरिक्त क्रियाकलापले विद्यार्थीमा लुकेको प्रतिभा प्रस्फुटन हुनुका साथै उनीहरूमा तार्किक क्षमता र साहित्यिक अभिरुचि बढाउन महत्वपूर्ण भूमिका खेल्ने विश्लेषण गरिएको छ।

# सुशासनमार्फत ...

भए पनि परिवर्तनपश्चात समृद्धिको नेतृत्व गर्न चुकेको बताउनुभयो।

पुराना ऐन कानुनले समृद्धिको जनचाहना पूरा गर्न रोकेको दाबी गर्दै मन्त्री घिसिङले निर्वाचन पछि आउने सरकारले विकासको बाधक त्यस्ता ऐन, कानुन र नीति परिवर्तन गर्नुपर्ने बताउनुभयो । मुलुक निर्वाचनमय भइसकेको जनाउँदै मन्त्री घिसिङले तोकिएको समयमै निर्वाचन हुनेमा आशङ्का नगर्न आग्रह गर्नुभयो । "सबै राजनीतिक दल निर्वाचन भाग लिन निर्वाचन आयोगमा दर्ता भएका छन्, तोकिएको समयमै निर्वाचन हुन्छ", उहाँले भन्नुभयो, "अहिले वुद्धिविवेक लगाउने समय हो, देशलाई सही दिशा दिन सक्ने नेतृत्व छान्नुस् ।"राष्ट्रिय स्वतन्त्र पार्टीका उपासभापति स्वर्णिम वाग्लेले आर्थिक समृद्धिको जनआकाङ्क्षा पूरा हुन नसक्दा मुलुकमा असन्तुष्टि प्रकट हुँदै आएको उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रण र सुशासन अनिवार्य सर्त भएको बताउनुभयो। स्वदेशी र विदेशी लगानीको सुरक्षा गर्न नसक्दा मुलुकमा लगानी नआउने जनाउँदै उहाँले जेन्जी आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएको आक्रमणले लगानीकर्ता हच्किएको बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष ज्योत्सना श्रेष्ठले युवाले रोजगारी खोज्ने नभई नयाँ नयाँ इनोभेशन मार्फत रोजगारी सिर्जना गर्नुपर्ने बताउनुभयो। "प्रतिभा पलायन रोक्नुपर्छ, सरकार र शैक्षिक संस्थासँग सहकार्य गर्दै स्टार्टअप प्रवर्द्धन गर्न महासङ्घ लागिपरेको छ", उहाँले भन्नुभयो।

# निर्वाचनका ...

निर्णय गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

मङ्सिर १ गतेदेखि १० गतेसम्म प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि १०६ वटा दलबाट निवेदन प्राप्त भएको जनाइएको छ । आयोगमा दर्ता कायम रहेका ठूलालगायत नयाँ-पुराना अधिकांश दलले प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रयोजनका लागि निवेदन दिइसकेका छन् । आयोगमा हालसम्म दर्ता कायम रहेका दलहरूको सङ्ख्या १३७ रहेको आयोगले जनाएको छ। यो निर्वाचनको पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फमा उम्मेदवारको मनोनयन आगामी माघ ६ गते हुने कार्यक्रम रहेको छ। प्रतिनिधिसभा निर्वाचनको मिति आउन अब ९९ दिन बाँकी रहेको छ।

यसैगरी आगामी ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनमा भाग लिन चाहने दलहरूले सो निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने अवधि मङ्सिर १ गतेदेखि ७ गतेसम्म तोकेकामा उक्त अवधिमा १३ वटा दलबाट निर्वाचन प्रयोजनका लागि निवेदन प्राप्त भएकोसमेत आयोगले जनाएको छ।

# गैर सरकारी संस्थाहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

जिल्ला समन्वय समिति कास्कीको आयोजना तथा गैरसरकारी संस्था महासंघ कास्कीको समन्वयमा कास्की जिल्लामा क्रियाशील गैरसरकारी संस्थाहरुको आ व ०८१/८२ को वार्षिक र आ.व ०८२/८३ को हालसम्मको प्रगति समिक्षा कार्यक्रम बुधबार सम्पन्न भएको छ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलज्यूको अध्यक्षतामा भएको समिक्षा कार्यक्रममा कास्की जिल्लाका स्थानीय तहका सामाजिक विकास शाखा प्रमुख, विभिन्न गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधीहरु, गैर सरकारी संस्था महासंघ गण्डकी प्रदेशका अध्यक्ष पदमराज पहारी, गैर सरकारी संस्था महासंघ कास्की जिल्ला अध्यक्ष इन्दिरा



पौडेल, जिल्ला समन्वय समितिका पदाधिकारीहरु सहित करिव ७० जना सहभागीहरुको सहभागिता रहेको थियो। विभिन्न २३ वटा गैरसरकारी संस्थाहरुले आफ्नो वार्षिक प्रगति तथा यस आ.व का कार्यक्रमहरुको वारेमा प्रस्तुती गर्नु भएको कार्यक्रममा स्थानीय तहका सामाजिक विकास शाखा प्रमुखहरुले स्थानीय तहसंग नीतिगत मात्र नभै कार्यगत समन्वयमा कार्य गर्न सवै गै.स.स. लाइ अनुरोध गर्नु भएको थियो । कार्यक्रममा गैर सरकारी संस्था महासंघ कास्की अध्यक्ष इन्दिरा पौडेलले गैरसरकारी संस्थाहरुका काम कार्वाहीहरु जनमुखी र पारदर्शी हुनु पर्ने कुरामा जोड दिनु भएको थियो । जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलले समापन मन्तव्य राख्दै स्थानीय जनसरोकारका समस्यालाइ सम्वोधन गर्ने कार्यमा गैर सरकारी संस्थाको महत्वपूर्ण भुमिका रहेको विषय उल्लेख गर्दै गैरसरकारी संस्थाहरुले पार्दर्शिता, खुलापन, भ्रष्टारमुक्त तथा सुशासनयुक्त समाज निर्माण गर्न भुमिका खेल्नु पर्ने वताउनु भएको थियो। उहांले गैर सरकारी संस्थाहरुको पारदर्शितामा वेला वखत कुरा उठ्ने गरेको विषय उल्लेख गर्दै गैरसरकारी संस्थाहरुले पारदर्शि भै कार्यक्रम संचालन गर्न अनुरोध गर्नु भएको थियो। उहाँले सरकारले तोकेको न्यूनतम तलव दिन र सामाजिक सुरक्षामा आफ्ना कर्मचारीहरुलाइ आवद्ध गराउन अनुरोध गर्दै दिगो विकास लक्ष्य प्राप्तीमा गैर सरकारी संस्थाले महत्वपूर्ण भुमिका खेल्नुपर्ने कुरा उल्लेख गर्नुभएको थियो।

जिल्ला समन्वय समितिका सूचना अधिकारी लक्ष्ु शर्माले संचालन गर्नु भएको उक्त कार्यक्रमको उद्धेश्यमाथि जिल्ला समन्वय अधिकारी नवराज वरालले प्रकाश पार्नु भएको थियो भने सहभागीहरुलाई जिल्ला समन्वय समिति उपप्रमुख सरिता कुमालले स्वागत गर्नुभएको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन


उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# लैङ्गिक हिंसा विरुद्धको अभियान

नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसा विरुद्धको अभियान शुरु भएको छ। १६ दिन सञ्चालन गरिने अभियानमा यसपालि डिजिटल माध्यमबाट हुने हिंसाविरुद्ध आवाज उठाइँदै छ। राष्ट्रसंघले विश्वव्यापी रूपमा सबैभन्दा धेरै हुने मानवअधिकार उल्लङ्घनका घटनामध्ये महिला र बालबालिकाविरुद्धको हिंसा प्रमुख रहेको जनाएको छ। भौतिक रूपमा हुने घरेलु हिंसा र यौन दुर्व्यवहारको समस्या यथावत् रहँदा अनलाइन प्लाटफर्मले यसलाई अझै विकराल बनाएको विभिन्न अध्ययनले देखाएका छन् ।

महिलाविरुद्ध 'साइबर बुलिङ', घृणास्पद अभिव्यक्ति, 'ट्रोलिङ', अनलाइन धम्की, 'रिभेन्ज पोर्न', 'एआई–जेनेरेटेड डिपफेक' गरी बनाइएका अश्लील सामग्री र चरित्र हत्याजस्ता दुर्व्यवहारहरू भइरहेको यूएन वुमेनले १३ नोभेम्बरमा सार्वजनिक गरेको 'एफएक्युज' मा उल्लेख छ। 'कुनै अपरिचितले तपाईंलाई बिहान उठेदेखि राति सुत्ने बेलासम्म तपाईंका हरेक गतिविधिको एक–एक विवरण जस्ताको तस्तै लेखेर म्यासेज पठाए भने कस्तो महसुस होला ?' सो 'एफएक्युज' मा लेखिएको छ, 'अथवा, तपाईंको कुनै भिडियो तोडमोड गरेर अश्लील बनाई इन्टरनेटमा पोस्ट गरिएको पाउनुभयो भने ? डिजिटल दुर्व्यवहारसम्बन्धी यी घटना काल्पनिक होइनन्, लाखौं महिला र युवतीले आजको डिजिटल दुनियाँमा भोग्ने यथार्थ हुन् ।'

यूएनका एजेन्सीहरूले संकलन गरेको तथ्यांकअनुसार विश्वका ३८ प्रतिशत महिलाले अनलाइन हिंसा भोगेका छन् भने ८५ प्रतिशतले अरूमाथि डिजिटल हिंसा भएको देखेका छन् । विश्वका १.८ अर्ब महिला तथा किशोरीलाई डिजिटल हिंसाविरुद्ध कुनै कानुनी संरक्षण प्राप्त छैन । 'अहिले एआईमा आधारित डिपफेक प्रविधि व्यापक प्रयोग भइरहेको छ, अनलाइनमा देखिने ९५ प्रतिशत डिपफेक कन्टेन्टहरू सहमतिबेगर लिइएका पोर्नोग्राफिक इमेजहरूबाट बनाउने गरिएको छ। 'त्यस्ता डिपफेकहरूको लक्षित वर्गचाहिँ ९९ प्रतिशत नै महिला हुने गरेका छन् । आधुनिक समाजमा यो पटक्कै सुहाउने होइन ।

कमजोर प्राविधिक नियमन, डिजिटल प्लाटफर्महरूप्रति दण्डहीनता, एआईको प्रयोग, लैंगिक समानताको विरोध गर्ने आन्दोलनहरू, अपराधीहरूको गुमनाम अवस्था र पीडितहरूलाई पर्याप्त साथ/सहयोग नहुनु नै डिजिटल हिंसा बढ्नुका कारण भएको यूएन वुमेनले जनाएको छ। 'पुरुष डेभलपरहरूले बनाएका अधिकांश डिपफेक टुल्स पुरुषको तस्बिरका काम गर्ने गरी डिजाइन नै गरिएको छैन । 'यसले प्रविधिकै लैंगिक प्रवृत्तिलाई उजागर गर्छ। यूएन वुमेनले प्रविधि कम्पनीहरूलाई आफ्नो कम्पनीमा महिला डेभलपर र कर्मचारीहरू नियुक्त गर्न, प्लाटफर्मलाई सुरक्षित बनाउन, हानिकारक कन्टेन्ट तुरुन्तै हटाउन र दुरुपयोगका रिपोर्टहरूमा तत्काल काम गर्न आग्रह गर्दै आएको छ ।'

कतिपय अभियन्ताहरूले अनलाइन र अफलाइनको विभेद भ्रम मात्र रहेको बताउने गरेका छन् । डिजिटल दुर्व्यवहारहरूको प्रभाव अन्ततः महिलाको वास्तविक जीवनमा पर्ने भएकाले यसलाई गम्भीरतासाथ सम्बोधन गर्नुपर्ने अभियन्ताहरू बताउँछन् संयुक्त राष्ट्रसंघीय आवासीय संयोजक हाना सिंगर–हाम्डीले डिजिटल हिंसा अन्त्य गर्न बहुआयामिक दृष्टिकोण आवश्यक रहेको औंल्याएकी छन । बलियो र स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था आवश्यक छ, यस्तो व्यवस्था पीडितको अनुभवमा आधारित हुनुपर्छ र शून्य सहनशीलताका साथ लागू गरिनुपर्छ,।अनलाइन सुरक्षा महिलाको सुविधा होइन, अधिकार हो । 'सरकारले यसलाई गम्भीरतापूर्वक लिएर काम गरेमा १६ दिने अभियानको सान्दर्भिकता बढेर जानेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# स्वतन्त्र पत्रकारको केन्द्रीय महाधिवेशन फागुनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

स्वतन्त्र पत्रकार संघ नेपालको पाँचौं केन्द्रीय महाधिवेशन तथा १४ औं वार्षिक साधारणसभा आगामी फागुन २४ गते हुने भएको छ। संघको बिहीबार काठमाडौंमा बसेको केन्द्रीय समितिको बैठकले उक्त निर्णय गरेको हो।

महाधिवेशन नवलपुर जिल्लाको गैंडाकोट नगरपालिका–१ मा हुने केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले जानकारी दिए । यसैगरी, पुस मसान्तभित्र जिल्ला शाखाका अधिवेशनहरु सम्पन्न गर्ने र माघ १५ भित्र शाखाका सम्पूर्ण सदस्यहरुको व्यक्तिगत विवरणसहितको फाइल केन्द्रमा बुझाउन पनि जिल्ला शाखाहरुलाई सूचित गरिएको छ।

महाधिवेशनले आगामी २ वर्षका लागि नयाँ कार्यसमिति चयन गर्नेछ । देशभरका २९ जिल्लामा शाखा रहेको स्वतन्त्र पत्रकार संघको अघिल्लो अधिवेशन पनि गैंडाकोटस्थित मौलाकालिकामा भएको थियो । स्वतन्त्र पत्रकार संघको स्थापना २०६८ फागुन २४ गते, फागुपूर्णिमाका दिन पोखरामा भएको थियो।

# विश्वकप क्रिकेटको खेल तालिका सार्वजनिक

**रासस**
काठमाडौं, १० मंसिर

काठमाडौँ, १० मङ्सिरः सन् २०२६ मा हुने आइसिसी टी–२० विश्वकपको खेल तालिका सार्वजनिक भएको छ । अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले सहभागी २० टोलीलाई चार समूहमा विभाजन गर्दै खेल तालिका सार्वजनिक गरेको हो ।

भारत र श्रीलङ्कामा हुने आइसिसी टी–२० विश्वकप आगामी फेब्रुअरी ७ देखि मार्च ८ सम्म सञ्चालन हुनेछ। सार्वजनिक तालिकाअनुसार नेपाल समूह 'सी' मा रहेको छ। नेपालका सबै खेल भारतको मुम्बईमा राखिएका छन् । नेपालको समूहमा वेस्ट इन्डिज, इङ्ल्यान्ड, बङ्गलादेश र इटाली छन् । वेस्ट इन्डिज र इङ्ल्यान्ड दुवै दुईदुई पटकका विश्वविजेतासमेत हुन् । नेपालको पहिलो खेल आगामी फेब्रुअरी ८ तारिखमा मुम्बईस्थित वान्खडे रङ्गशालामा इङ्ल्यान्डसँग हुनेछ। यस्तै नेपालको दोस्रो खेल फेब्रुअरी १२ मा इटाली, तेस्रो फेब्रुअरी १५ मा वेस्ट इन्डिज र चौथो फेब्रुअरी १७ मा बङ्गलादेशसँग हुने नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ। क्यानका अध्यक्ष चतुरबहादुर चन्दले केही साताअघि आइसिसी अध्यक्ष जय शाहलाई भारतको नयाँदिल्लीमा भेटेर नेपालका खेलहरू भारतमा राखिदिन आग्रहसमेत गर्नुभएको थियो ।

उक्त आग्रहलाई स्वीकार गर्दै नेपालका सबै खेल भारतमा राखिएका अध्यक्ष चन्दले बताउनुभयो । योसँगै नेपाल तेस्रोपटक विश्वकपमा सहभागी हुँदैछ । यसअघि नेपालले सन् २०१४ र २०२४ मा विश्वकप खेलेको थियो ।

# विशेष महाधिवेशन पक्षधरको सभा सम्पन्न

**रासस**
काठमाडौं, १० मंसिर

नेपाली कांग्रेसका विशेष महाधिवेशन पक्षधरको सभा बुधबार यहाँ सम्पन्न भएको छ।

प्रदर्शनीमार्गस्थित राष्ट्रिय सभागृहमा आयोजना गरिएको उक्त सभामा विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर गरेका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधि सहभागी रहेको जनाइएको छ । उक्त सभालाई सम्बोधन गर्दै नेपाली कांग्रेसका नेता ओमकार श्रेष्ठले पार्टीकै केही पदाधिकारीहरूले महाधिवेशन रोकेको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "अहिलेको अवस्थामा महाधिवेशनको विकल्प छैन ।" कांग्रेसका अर्का नेता गुरुराज घिमिरेले बीसौँ वर्ष सत्ताको चास्नीमा डुबेकाले पार्टीका योद्धाको हस्ताक्षरलाई नक्कली भन्ने अधिकार नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "कसको हो नक्कली हस्ताक्षर ? निकाल्न हामी चुनौती दिन्छौँ । पार्टीका साथीहरूको योगदानका आधारमा पदमा बसेर साथीहरूको आग्रहलाई लल्कार्न पाइँदैन ।" कांग्रेसका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गर्दै गत असोज २९ गते केन्द्रीय कार्यालयमा हस्ताक्षरसहितको निवेदन दर्ता गरिसकेका छन् ।

उक्त सभाका वक्ताहरुले विशेष महाधिवेशनमा जोड दिएका थिए।

# नेपाल इन्डोनेसियासँग पराजित

**रासस**
काठमाडौं, १० मंसिर

अन्तरराष्ट्रिय मैत्रीपूर्ण फुटबल खेलमा नेपाली राष्ट्रिय महिला फुटबल टोली इन्डोनेसियासँग पराजित भएको छ।

इन्डोनेसियाको योग्यकर्तास्थित मागुवोहर्जो रंगशालामा आज सम्पन्न खेलमा इन्डोनेसियासँग नेपाल २–१ गोलअन्तरले पराजित भएको हो। पहिलो हाफमा बनाएको अग्रतालाई जोगाउन नसक्दा नेपाल पराजित भयो। खेलको २० औँ मिनेटमा नेपालले अग्रता लिएको थियो । अनिता बस्नेतको कर्नरमा विमला विकले डिबक्सबाट हेड गरेकी थिइन् । तर इन्डोनेसियाकी भिभी आकताभी रिस्कीले आफ्नै पोष्टमा आत्मघाती गोल गरेकी थिइन् । खेलको पहिलो हाफमा अग्रता लिएको नेपाललाई खेलको दोस्रो हाफमा इन्डोनेसियाले दुई गोल गर्दै पराजित गरेको हो।

खेलको ५८औँ मिनेटमा इन्डोनेसियाकी कप्तान गिया युमन्दाले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याइन् । ६७औँ मिनेटमा औलिया अरिफाले गोल गर्दै आफ्नो टोलीको जीत सुनिश्चित गरिन् । उक्त प्रतियोगितामा नेपाली टोलीकी कप्तान सावित्रा भण्डारी (साम्बा) भने चोटका कारण उपस्थित थिइनन् ।

# प्रगतिटोल पोखरा–२९ मा योग शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर



पोखरा महानगरपालिका वडा नं २९ मा रहेको प्रगति टोल विकास सस्था र सोही टोलमा रहेको ओमकारेश्वर शिव मन्दिर व्यवस्थापन तथा सत्सङ्ग समिति तथा नवीनज्योति महिला समूहको संयुक्त आयोजनामा तथा पतञ्जली योग पीठ गण्डकी प्रदेशको सहयोगमा सञ्चालित १५ दिने योग शिविर बुधवार सम्पन्न भएको छ । "गरौं योग, रहौं निरोग" भन्ने उद्घोषका साथ टोलवासीहरुमा योगवारे चेतना जगाउने उदेश्यले शिविर सम्पन्न गरिएको अध्यक्ष ललिन्द्र खड्काले वताए ।

ओमकारेश्वर शिव मन्दिर व्यवस्थापन तथा सत्सङ्ग समितिका अध्यक्ष समाजसेवी मोति गिरी, अध्यक्ष ललिन्द्र खड्का, पतञ्जली योग पीठ नेपालका केन्द्रिय महासचिव विश्वमणि तिवारीले योग गुरु परमान्द भण्डारीलाई सम्मान समेत गरेका थिए । ओमकारेश्वर शिव मन्दिरका अध्यक्ष मोति गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पतञ्जली योग पीठ नेपालका केन्द्रिय महासचिव विश्वमणि तिवारीले तनाव व्यवस्थापनका लागि योग उपयोगी रहेको भन्दै यसमा सावधानी अपनाउनु पर्नेमा जोड दिए । नवीनज्योति महिला समूहकी अध्यक्ष लक्ष्मी आचार्यले कार्यक्रम सञ्चालन गरेकी थिईन् ।प्रशिक्षणमा टोलका ४० सदस्य सहभागी भई लाभान्वित रहेका थिए। शिविरमा सहभागीहरुलाई धन्यवाद दिँदै नवीनज्योति महिला समूहकी सदस्य ज्ञानू घिमिरेले योग शिविर फलदायी भएको विचार राखिन् ।

# परम्परागत खेती छाडेर व्यावसायिक सुन्तलाखेतीमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० मंसिर

म्याग्दीको मङ्गला गाउँपालिका–४ अर्भल्याङका स्थानीयले परम्परागत अन्नबालीको विकल्पमा व्यावसायिक रूपमा सुन्तलाखेती विस्तार गरेका छन् ।

गहुँ, मकै र कोदो बाली लगाउने बारीमा स्थानीयले नगदे बालीका रुपमा सुन्तलाखेतीलाई व्यावसायिक रूपमा अघि बढाएका हुन् । उत्पादन भएको सुन्तला बोटबाटै बिक्री हुने र खेती गर्न पनि झन्झटिलो नहुने भएपछि परम्परागत अन्नबालीको विकल्पमा सुन्तलाखेतीलाई अघि बढाइएको स्थानीय योगेन्द्रमान शेरचनले जानकारी दिनुभयो । शेरचनले करिब सात रोपनी बारीमा कोदो र मकैखेती छाडेर सुन्तला विस्तार गर्नुभएको छ । चार सय ५० बोट सुन्तला रोप्नुभएकामा अहिले एक सय ५० बोटबाट सुन्तला उत्पादन हुन थालेको उहाँले बताउनुभयो ।

सिँचाइको सुविधा नभएको बारीमा अन्नबाली छाडेर सुन्तलाखेती विस्तार गरेपछि आयआर्जनमा टेवा पुग्न थालेको छ। अर्भल्याङ बस्तीका अधिकांश घरपरिवारले सुन्तलाखेती विस्तार गर्न थालेका छन् । अन्नबालीको विकल्पमा सुन्तलाखेती विस्तार गर्न थालेपछि गाउँ नै सुन्तला गाउँका रूपमा विकास हुन थालेको छ । स्थानीय लालमती रोका, प्रासर कँडेल, कलाधर कँडेल, केसमान शेरचन, पदमबहादुर रोका, यामबहादुर रोका, भबिलाल किसान, नन्दलाल विकलगायतले सुन्तलाखेतीलाई व्यावसायिक बनाउनुभएको छ ।

पछिल्ला केही वर्षयता मात्र गाउँमा करिब दुई हजार नयाँ सुन्तलाका बोट रोपिएको छ । उत्पादन भएको सुन्तलाको बजार अभाव नहुने र बोटबाटै बिक्री हुने सुविधाले सुन्तलाखेतीतर्फ आकर्षण बढाएको छ । स्थानीय अगुवा सुन्तलाखेती किसान लालमती रोकाले आफ्नो बगैंचाका २५० बोटले उत्पादन दिने र थप ८० बोट सुन्तला विस्तार गरेको जानकारी दिनुभयो। उहाँले यस वर्ष बगैंचामा फलेका सुन्तला खरिदका लागि व्यवसायीले बगैंचामै आएर ठेक्का लिएको दिनुभयो । "गत वर्ष हाँगा नै भाचिने गरी सुन्तला फलेको थियो, प्रतिकिलो रु ५५ मा सुन्तला बेचेका थियौँ, यो वर्ष एक क्यारेट सुन्तलालाई रु एक हजार ५०० मा लैजाने समझदारी भएको छ", उहाँले भन्नुभयो । गत वर्षको तुलनामा यस वर्ष सुन्तलाको उत्पादन केही घटेको छ । रोकाको परिवारले गत वर्ष रु चार लाखबराबरको सुन्तला बिक्री गर्नुभएको थियो ।

यस गाउँमा सुन्तलाखेती विस्तारका लागि किसानले 'सोलिघोप्टे कृषक समूह' मा आबद्ध भएर सुन्तलाको व्यावसायिक खेती विस्तारमा लागेका छन् । सुन्तलाखेतीबाट नगद आम्दानी हुने भएपछि उत्साहित बनेर अघि बढेका किसानलाई सुन्तलाका बोट सुक्ने समस्या प्रमुख चुनौती बनेको छ। फल लागेका र नयाँ विस्तार गरेका सुन्तलाका बोट सुक्ने समस्या देखिएको र यसको रोकथाम र उपचारका लागि गाउँपालिकालाई अनुरोध गरिएको स्थानीय किसान प्रासर कँडेलले बताउनुभयो ।

# बेनीमा २३ औँ 'जेसीज कप' फुटबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० मंसिर

म्याग्दी सदरमुकाम बेनीमा मङ्गलबारदेखि २३ औँ अन्तर मावि 'जेसीजकप फुटबल' प्रतियोगिता सुरु भएको छ।

मङ्सिर १३ गतेसम्म बेनीको खुलामञ्चमा सञ्चालन हुने प्रतियोगिताको म्याग्दीका १९ वटा माध्यमिक विद्यालयले सहभागिता जनाएका छन् । कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीहरूले सहभागीता जनाउने जेसीज कप फुटबल म्याग्दीमा विद्यालय तहमा प्रतिस्पर्धा हुने लोकप्रिय र चर्चित प्रतियोगिताको रूपमा परिचित छ । प्रतियोगिताको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले उद्घाटन गर्नुभयो । प्रतियोगिता संयोजक नवीन पौडेलले विजेताले रनिङ शिल्डसहित ट्रफी, मेडल, प्रमाणपत्रसहित नगद रु ५५ हजार ५५५ र उपविजेताले ट्रफि, मेडल र प्रमाणपत्रसहित नगद रु ३५ हजार ५३५ पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, राइजिङ प्लेयर, उत्कृष्ट प्रशिक्षकलाई नगद रु दुई हजार ५०० सहित ट्रफीद्वारा पुरस्कृत गरिने म्याग्दी जेसीजका अध्यक्ष विनोद जिसीले बताउनुभयो। यस्तै, अनुसासित टिम र सेमिफाइनल पुग्ने दुई टिमलाई नगद रु पाँच हजारसहित सम्मान गरिने भएको छ। प्रतियोगिता सञ्चालनको लागि एभरेष्ट ग्लोबल एजुकेसन भिसा सर्भिस मुख्य प्रायोजक रहेको छ भने गङ्गा जिसी फाउण्डेसन र प्रभु बैंक सहप्रायोजकको रूपमा रहेका छन् ।


## ब्याग हराएको सूचना

**२०८२ मंसिर ८ गते बिहान करिव ८:०० बजेको समयमा पोखरा महानगरपालिका नयाँ बजारबाट पृथ्वीनारायण क्याम्पस बगर जादैं गर्दा नगर बसमा मेरा स्नातक तहको त्रिभुवन युनिर्भसिटीको रजिष्ट्रेशन नं ७–१–४८–१३२८–२००५ भएको मार्कशीट र माइग्रेशन सर्टिफिकेट लगायत केही महत्वपूर्ण काजजात रहेको कालो रंग सानो लेडिज ब्याग हराएकोले पाउनु हुने महानुभावले मलाई वा नजिकको प्रहरी चौकीमा बुझाई दिनु भएमा उचित पुरस्कार प्रदान गर्नेछु ।**

**रत्न थापा मगर**
**मोवाइल नं. ९८४६२६६२०९**

# गण्डकीमा घरबास: स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना र संस्कृतिको जगेर्ना गर्दै

पोखरापत्र संवाददाता
मुस्ताङ, १० मंसिर

गण्डकी, १० मङ्सिरः मुलुकभित्र पहिलोपटक घरबास (होमस्टे) पर्यटनको सुरुआत भएको गण्डकी प्रदेशअन्तर्गतको स्याङ्जा जिल्लाको शिरुबारी गाउँ हो ।

पछिल्लो समय प्रदेशका ११ वटै जिल्लाका विशेषतः ग्रामीण भेगका घरबास सञ्चालन भएका छन् । कतिपय स्थानमा घरबास पर्यटनका कारण विगतमा सहर झरेका स्थानीयहरू पुनः गाउँ फर्कन थालेका छन् । घरबासका कारण ग्रामीण क्षेत्रका रमणीय स्थानहरू पर्यटनसँग जोडिन थालेका छन् । गाउँबाट जनशक्तिको पलायन राष्ट्रव्यापी समस्याका रूपमा देखिए पनि कतिपय गाउँमा घरबासका कारण गाउँ छोडेकाहरू पनि पुनः फर्कन थालेका छन् । हिमाल पारीको जिल्ला मुस्ताङस्थित ठिनी गाउँमा घरबास सञ्चालनमा आएसँगै उक्त क्षेत्रका स्थानीय उत्पादनले मूल्य पाउनुका साथै स्थानीयवासीका लागि रोजगारीका अवसर सिर्जना भएका स्थानीय युवा निरज थकालीले बताउनुभयो । यहाँका घरबासले स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना र संस्कृतिको जगेर्ना गर्दै आएका उहाँको भनाइ छ । "ठिनी गाउँमा यहाँका स्थानीयले २०७२ सालदेखि घरबास सञ्चालन सुरु गरेकामा औपचारिक रूपमा २०७५ सालदेखि दर्ता गरिएको हो", उहाँले भन्नुभयो, "घरबास सञ्चालनसँगै स्थानीय उत्पादन बिक्रीका लागि अन्यत्र जानु परेको छैन, उत्पादित कृषिजन्य वस्तु गाउँमा बिक्री हुने गरेका छन् ।" घरबास सञ्चालन र यहाँको पर्यटकीय गतिविधि बढ्दै जाँदा त्यसले स्थानीय



उत्पादनमा पनि सकारात्मक प्रभाव पारेको बताउँदै थकालीले आसपासका जग्गामा खेती हुन थालेपछि जमिन बाँझो नभएको जानकारी गराउनुभयो । उहाँका अनुसार मुस्ताङ क्षेत्रमा पछिल्लो समय आलु, स्याउ, खुर्पानी, सिमीलगायत उत्पादन बढेको छ । ठिनीका १० घरमा घरबास व्यवसाय सञ्चालन भइरहेको जनाउँदै उहाँले आएका पाहुनालाई स्थानीय उत्पादनका परिकारहरू खुवाउने, मौलिक कलासंस्कृतिले मनोरञ्जन प्रदान गर्ने गरिएको बताउनुभयो । गाउँका पर्यटकीय स्थान जान्न र बुझ्न चाहनेका लागि पनि घरबास जीवन्त पाठशालाजस्तै बनेका उहाँको भनाइ छ । गण्डकी प्रदेशका जिल्लागत रूपमा तथ्याङ्कअनुसार तनहुँमा ४७, पर्वतमा ४५, स्याङ्जामा ४४, कास्कीमा ३६, बागलुङमा २८, लमजुङमा २३, गोरखामा २२, नवलपरासी बर्दाघाट सुस्ता पूर्व र म्याग्दीमा १०/१०, मुस्ताङमा तीन र मनाङमा दुईवटा घरबास सञ्चालनमा छन् । अधिकांश सामुदायिक घरबासका रूपमा सञ्चालित छन् । गण्डकीमा घरबासको लहर बढिरहेको अवस्थामा कोभिड-१९ को महामारीका कारण भने केही समय सुस्ताएको थियो । पछिल्लो समय समयले साथ दिएसँगै घरबास व्यवसाय पुनः चलायमान बनेको सञ्चालकहरू बताउँछन् । घरबास सञ्चालनबाट स्थानीय उत्पादनको सहज बजारीकरणसँगै स्थानीयको रोजगारीमा महत्वपूर्ण उपलब्धि हासिल भएको गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष शोभा सापकोटाले बताउनुभयो ।

"घरबासका माध्यामबाट गाउँमा पर्यटकीय गतिविधि बढेसँगै कतिपय स्थानमा विगतमा विदेशिएका जनशक्ति पनि यही फर्केर व्यापार/व्यवसाय सञ्चालन गर्न थालेका छन्", उहाँले भन्नुभयो, "घरबासले स्थानीयको रोजगारीसँगै कृषिजन्य उत्पादन बढाउन पनि ठूलो सहयोग पुगेको छ ।" मञ्चले अघिल्लो वर्ष गण्डकी प्रदेशभित्रका घरबास सञ्चालकहरूलाई पोखरामा आमन्त्रण गरेर ग्रामीण पर्यटक पथप्रदर्शकको तालिमसमेत दिएको अध्यक्ष सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार मञ्चमार्फत विभिन्न तालिमसँगै घरबास सञ्चालकबीच अनुभव आदानप्रदानलगायत कार्यक्रम पनि सञ्चालन गरिएका छन् ।

घरबास सञ्चालनले ग्रामीण पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादन प्रवर्द्धन र मूल्य तथा रोजगारी र्सिजनामा महत्वपूर्ण योगदान पुगिरहेको उहाँले बताउनुभयो । रोजगारी, उत्पादनसँगै स्थानीयवासीमा आतिथ्यताको भावना अभिवृद्धि गराउनसमेत उपयोगी बनिरहेका घरबास प्राचीन संस्कृतिको जगेर्नाका लागि पनि उत्तिकै सहयोगी बनेका छन् । गण्डकी प्रदेशका घरबासहरूमा हिमाली भेगमा पाइने तिब्बतीयन संस्कृतिदेखि तराईका थारु संस्कृतिसम्मको अनुभव लिन पाइन्छ । विभिन्न जातजाति, धर्म र संस्कृतिको अनुपम सङ्गमजस्तै बनेको यस प्रदेशमा ब्राह्मण, क्षेत्री, दलित, भोटे, गुरुङ, मगर, थारुलगायत विभिन्न समूदायका जातजाति तथा आदिवासीहरूका विभिन्न सस्कृति रहेका छन् ।

ठाउँ र परिवेश अनुसार यहाँका घरबासमा घाटु, कौरा, सोरठी, मारुनी, लठ्ठी नाच, झमरा नाच, डम्फु नाच, गोलेनी नाच, लोकभाका, झ्याउरे, भजन चुड्कालगायतका अनुभवसमेत लिन सकिन्छ । घरबास कार्यक्रम स्थानीय उत्पादनको बजारीकरण र स्वरोजगार अभिवृद्धिका लागि वरदान सावित बनेको स्याङ्जाको पुतलीबजार नगरपालिका, भैंसेगौंडास्थित मिलेनियम भैंसेगौंडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङले जानकारी दिनुभयो । "घरबासका कारण गाउँमा उत्पादित कुटिकरेला, साग, फर्सी, स्कुस, लोकल टमाटर, मह, घ्युलगायत उत्पादन घरबाटै बिक्री हुन थालेका छन्", उहाँले भन्नुभयो, "यहाँ आएका पाहुनालाई स्थानीय उत्पादन खुवाउन पाइएको छ । साथै उत्पादित समान पनि घरघरबाट सहजै बिक्री हुँदा यसले आम्दानी बढाएको छ ।" विगतमा स्थानीय उत्पादनको बिक्रीका लागि बजार पुर्‍याउनुपर्ने बाध्यतालाई घरबास सञ्चालनले अन्त्य गरिदिएको उहाँले बताउनुभयो । घरबासमा आउने पाहुनालाई स्वागतार्थ प्रयोग गरिने फूलमालादेखि परिकार बनाएर खुवाउने खाद्यान्नको उत्पादनसमेत घरबासका कारण बढिरहेको उहाँको भनाइ छ ।

# क्लबस्तरीय भलिबलमा महिलातर्फ बागलुङ र लामाचौर भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

पोखरामा जारी नवौं पिभिटिसी क्लबस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिताको महिलातर्फ झिर हाउस बागलुङ र लालीगुराँस लामाचौर फाइनलमा प्रवेश गरेका छन् ।

पोखरा महानगरपालिका-३ नदिपुर स्थित पोखरा भलिबल प्रशिक्षण केन्द्रको भलिबल कोर्ट (छन्त्याल समाज)मा आज (बुधबार) भएको पहिलो सेमिफाइनल खेलमा लालीगुराँस लामाचौरले वालिङ भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि नजिक पुगेको हो ।

लालीगुराँस लामाचौरले वालिङ भलिबल क्लबलाई २५-११, २५-१८ र २५-१६ को सेटमा पराजित गरेको हो । यस्तै महिलातर्फको दोस्रो सेमिफाइनलमा झिर हाउस बागलुङले शान्ता माविलाई ३-० को सेटमा पराजित गर्दै फाइनलमा स्थान पक्का गरेको छ । झिर हाउस बागलुङले शान्ता माविलाई २५-१२, २५-१७ र २५-१६को सेटमा पराजित गर्दै उपाधिका लागि लालीगुराँस लामाचौरसँगको भेट पक्का गरेको हो । पोखरा भलिबल प्रशिक्षण केन्द्रको नवौं वार्षिकोत्सवको अवसरमा आयोजित क्लबस्तरीय महिला



तथा पुरुष भलिबल प्रतियोगितामा पुरुषतर्फ भने लिगचरणको खेल सुरु भएको प्रतियोगिता संयोजक मनोज खड्काले जानकारी दिए ।

पुरुषतर्फ भएको लिगचरणको पहिलो खेल ठकुरी समाज तनहुँ र पोखरा भलिबल प्रशिक्षण केन्द्र बीच भएको खेल भने लाइट प्रोटेस्टका कारण स्थगित भएको छ । दुवै टिमले २/२ सेट आफ्नो पक्षमा पारेपछि खेल लाइट प्रोटेस्टका कारण स्थगित भएको प्रतियोगिता संयोजक मनोज खड्काले जानकारी दिए । उक्त खेल भोलि बिहान ८ बजेदेखि सुरु हुनेछ ।

पुरुषतर्फको विजेताले नगद १ लाख ५० हजार, उपविजेताले १ लाख शिल्ड, मेडल र प्रमाण प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सेमिफाइनलमा पराजित हुने २ टिमलाई नगद २५/२५ हजार सान्त्वना पुरस्कार प्रदान गर्ने संयोजक खड्काले बताए । यस्तै महिलातर्फको विजेताले ६० र उपविजेताले ४० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट खेलाडी, स्पाइकर, मिडल ब्लकर, डिफेण्डर, सेटर, सर्भर र प्रशिक्षकलाई पुरस्कार प्रदान गर्ने आयोजकले जनाएको छ ।

२०७३ सालमा स्थापना भएको पोखरा भलिबल प्रशिक्षण केन्द्र सामाजिक तथा खेलकुद क्षेत्रमा क्रियाशिल रहँदै आएको छ । प्रतियोगितामा पुरुषतर्फ ७ र महिलातर्फ ७ समूहको सहभागिता रहेको संयोजक खड्काले बताए । पोखरा भलिबल प्रशिक्षण केन्द्र नदीपुरको आयोजना तथा ए फोर ग्राफिक डिजाइन एण्ड प्रिन्टिङ प्रेसको सहआयोजनामा मंसिर ९ देखि सुरु भएको प्रतियोगिता १३ गतेसम्म सञ्चालन हुनेछ ।

# विशेषज्ञ चिकित्सक नहुँदा बेनी अस्पतालमा शल्यक्रिया सेवा बन्द

पोखरापत्र संवाददाता
म्याग्दी, १० मंसिर

विशेषज्ञ चिकित्सक नहुँदा म्याग्दी सदरमुकामस्थित प्रादेशिक अस्पताल बेनीमा शल्यक्रिया सेवा बन्द भएको छ । ५० शय्या क्षमताको अस्पतालमा शल्यक्रिया विशेषज्ञ चिकित्सक नहुँदा 'हाइड्रोसिल', 'एपेण्डिसाइटिस' र 'हर्निया'लगायतका सामान्य शल्यक्रियामार्फत गरिने सेवा बन्द भएको हो ।

विशेषज्ञ डा अशोक पन्त मङ्सिर १ गतेदेखि राजीनामा दिएर गएको र प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले अर्को चिकित्सक पठाउन नसक्दा सेवा बन्द भएको हो । गत कात्तिक १५ गतेदेखि बन्द भएको शल्यक्रियामार्फत गरिने प्रसूति सेवा पनि अझै सूचारु भएको छैन् । अस्पतालको करार दरबन्दीमा कार्यरत चिकित्सक सरोज यादवले राजीनामा दिएपछि शल्यक्रियामार्फत गरिने प्रसूति सेवाका लागि बागलुङ र पोखरा जानुपर्ने बाध्यता सुरु भएको छ । प्रदेश सरकारले विषेशज्ञ चिकित्सक खटाउन ढिलाइ गर्दा शल्यक्रियामार्फत गरिने प्रसूति सेवाका लागि समय र रकम खर्च गरेर जिल्ला बाहिर जानुपर्ने अवस्था सिर्जना भएको बेनीका स्थानीय दिनेश ढुङ्गानाले गुनासो गर्नुभयो । सेवा बन्द हुँदा म्याग्दी, मुस्ताङ, पर्वतको जलजला, बागलुङको तमानखोला गाउँपालिकाका सर्वसाधारण मर्कामा परेका छन् । म्याग्दी १(क) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले चिकित्सकको ब्यवस्थाका लागि स्वास्थ्यमन्त्री कृष्ण पाठकलाई ताकेता गरेको बताउनुभयो ।

"चिकित्सक खटाउन स्वास्थ्यमन्त्रीलाई दैनिकजसो फोन गरेर ताकेता गरेका छौं," उहाँले भन्नुभयो "एक दुई दिनमा चिकित्सक आउने प्रतिबद्धता जनाए पनि ढिलाइ भएको छ ।"

गत भदौदेखि बेनीलगायत गण्डकी प्रदेश सरकार मातहतका अस्पतालको व्यवस्थापन समिति नेतृत्वविहीन छ । सम्बन्धित जिल्लाको समन्वय समिति प्रमुख समितिको अध्यक्ष रहने कार्यविधि खारेज भएपछि अस्पताल नेतृत्वविहीन भएका हुन् । बेनी अस्पतालले अन्तरङ्ग र बहिरङ्गसहित हाडजोर्नी, दन्त, आँखा, बच्चा उपचार कक्ष, हिंसा प्रभावितका लागि अल्पकालीन सेवा केन्द्र, डायलासिस सेवा सञ्चालन गर्दै आएको छ । मेडिसिन, दन्तरोग, मनोसामाजिक विशेषज्ञ र ११ जना मेडिकल अधिकृत कार्यरत रहेका अस्पतालका निमित्त प्रमुख डा रामु सापकोटाले बताउनुभयो । वार्षिक ६० हजारभन्दा बढीले सेवा लिने बेनी अस्पतालको विसं २०७४ देखि सुरु भएको भवन निर्माणले पूर्णता नपाउनु र दरबन्दी अनुसार चिकित्सक तथा स्वास्थ्यकर्मी नहुनु मुख्य चुनौती बनेको छ ।

# म्याग्दीमा धान उत्पादन बढ्यो

पोखरापत्र संवाददाता
म्याग्दी, १० मंसिर

जिल्लामा प्रमुख खाद्यान्नबालीका रूपमा रहेको धानको उत्पादन यस वर्ष बढेको छ । गत वर्षको तुलनामा तीन दशमलव एक प्रतिशतले धान उत्पादन वृद्धि भएको कृषि विकास कार्यालयले जनाएको छ ।

अनुकूल मौसम, रोगकिराको समस्या नदेखिएनु, भित्र्याउने समयमा असिना नपर्नु, बेमौसमी वर्षाले कम असर गर्नुलगायत कारणले यस वर्ष तीन दशमलव उक प्रतिशतले धान उत्पादन बढेको कार्यालयका प्रमुख सञ्जीव बास्तोलाले जानकारी दिनुभयो । "धान रोप्ने र हुर्कने समयमा पर्याप्त वर्षात हुनुका साथै भित्र्याउने समयमा पनि मौसमले साथ दियो", उहाँले भन्नुभयो "रोगकिराको समस्या नदेखिएको र असिना नपरेकाले धान उत्पादन बढेको हो ।" गत कात्तिकको दोस्रो



साता भएको बेमौसमी वर्षाले म्याग्दीका धानबालीमा ठूलो क्षति नपुर्‍याएको कार्यालयले जनाएको छ । जिल्लामा तीन हजार ८०६ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएकामा गत वर्ष प्रतिहेक्टर तीन दशमलव ५९ मेट्रिकटनका दरले १३ हजार ६६३ मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष प्रतिहेक्टर तीन दशमलव ७० मेट्रिकटनका दरले १४ हजार ८७ मेट्रिकटन धान उत्पादन भएको कार्यालयका प्रमुख बास्तोलाले जानकारी दिनुभयो । जिल्लाका विभिन्न ठाउँमा गरिएको बाली कटान विधिबाट उत्पादनको तथ्याङ्क सङ्कलन गरिएको कृषि प्रसार अधिकृत गङ्गा लामिछानेले बताउनुभयो । उहाँका अनुसार गौरीया, गुडुरा, जेठो बुडो, जर्नेली, पहेँले, मार्सी, शङ्कर, युएस-३१२ लगायत जातका धानखेती यहाँका मुख्य बाली हुन् । भिरालो जमिनमा पनि गर्न सक्ने र सिँचाइ आवश्यक नपर्ने घैया जातको धानखेती लेकाली क्षेत्रका किसानले गर्छन् । पछिल्लो समय उन्नत जातमा किसानको आकर्षण बढेपछि धैया, अनदीलगायत रैथाने जातका धानको खेती घटेको लामिछानेले बताउनुभयो । रत्नेचौर, ज्यामरुककोट, अर्थुङ्गे, पुलाचौर, सिङ्गा, बरङ्जा, बाबियाचौर, कुहुँ, अर्मन, दरबाङ, ताकम, घतान, पात्लेखेत, पिप्ले, भगवती, घार, नारच्याङ, दानालगायत क्षेत्रमा धानखेती हुँदै आएको छ । धौलागिरि गाउँपालिकाको गुर्जा, लुलाङ र अन्नपूर्णको शिख, राम्चेमा चिसोका कारण धान उत्पादन हुँदैन् ।

मङ्गला गाउँपालिका-२ सिमका ध्रुव केसीले यस वर्ष ११० मुरी धान उत्पादन भएको बताउनुभयो । मौसमले साथ दिएकाले उत्पादन बढेको बताउँदै उहाँले गत वर्ष १०० मुरी मात्र धान उत्पादन भएको जानकारी दिनुभयो ।

गण्डकी प्रदेश सरकारले धानलगायत खाद्यान्नबालीको खेती प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरेको छ । गत वर्ष रु १० लाख बजेट विनियोजन भएको यस कार्यक्रममा चालु आवमा रु १५ लाख विनियोजन भएको छ । कार्यक्रममार्फत सिँचाइ, पूर्वाधार विस्तार र यान्त्रीकरणमा सहयोग गरिन्छ । स्थानीय तहअनुसार कोटा निर्धारण गरेर रासायनिक मल आपूर्ति र वितरणको व्यवस्था मिलाएकाले किसानले मल अभावको समस्या झेल्नु नपरेको जनाएका छन् । रैथाने बालीको खेती घट्दै जानु, क्षेत्रफल विस्तार हुन नसक्नु, जनशक्तिको कमीलगायत कारणले जिल्लामा धानखेतीको मुख्य चुनौती बनेको छ ।


## विमालेख हरायो

यहि मिति २०८२/०६/२० गते पोखरा सृजनाचोकबाट न्यूरोड जाने क्रममा साविक सानिमा लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम: प्रश्ना मगर**
विमालेख नं. ४०१०००१५१
सम्पर्क नं.
९८५६०४६१०१, ०६१-५५३६५२



## जन्ममिति फरक पर्न गएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-३३ निवासी भारतीय भू.पू. सैनिक L/ HAV विरेन्द्र थापाको माग निवेदन र सो साथ संलग्न कागजात अनुसार निजको श्रीमती लाल माया थापाको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ९९८, जारीमिति २०४६/१०/२४-कास्की)मा जन्म मिति वि.सं. २००९/०५/१५ (1952/08/30 A.D.) र भारतीय पेन्सन अभिलेखमा जन्म मिति 1956 March 01 भई फरक परेतापनि दुवै जन्म मिति हुने व्यक्ति फरक नभई एकै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध छ भनि पोखरा महानगरपालिका वडा नं.-३३ वडा कार्यालयको च.नं. १४५८ मिति २०८२/०८/०८ को सिफारिस पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## जन्ममिति फरक पर्न गएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-३२, निवासी भारतीय भू.पू. सैनिक नं. जे.सी. ६०७४३१ M अनरेरी लेफटेनेन्ट अशोक कुमार थापाको माग निवेदन र सो साथ संलग्न कागजात अनुसार निजको श्रीमती रुकमाया थापाको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ४०६४, जारी मिति २०४९/०८/१६-कास्की)मा जन्म मिति वि.सं. २०२२/०३/२३ (1965 July 07 A.D.) र भारतीय पेन्सन अभिलेखमा जन्म मिति 1964 August 18 A.D. भई फरक परेतापनि दुवै जन्म मिति हुने व्यक्ति फरक नभई एकै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध छ भनि पोखरा महानगरपालिका वडा नं. ३२ नं. वडा कार्यालयको च.नं. १२६१ मिति २०८२/०८/०४ को सिफारिस पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।